प. क्षे. हु. नि. द. नं. ३/०७४/७५

# पृथ्वी बुलेटिन

# Prithvi Bulletin

Year 4; Issue 1; March 2019-Feb. 2020

Tribhuvan University
त्रिभुवन विश्वविद्यालय
**Prithvi Narayan Campus**
**पृथ्वीनारायण क्याम्पस**

[A QAA Certified Institution, Accredited by UGC, Nepal; "Best Campus of the Year" Awardded by Ministry of Education in 2018]

## पृथ्वीनारायण क्याम्पसलाई QAA (गुणस्तरको प्रमाणपत्र) प्राप्त

त्रि.वि.- पृ.ना.क्या., पुस २७ - पृथ्वीनारायण क्याम्पसले विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) को प्रमाणपत्र हालै प्राप्त गरेको छ। यो गुणस्तरको प्रमाणपत्र आयोगद्वारा बनाइएको निश्चित मापदण्ड पूरा गरेपछि मात्र प्रदान गरिन्छ।

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त जानकारी का अनुसार हालसम्म देशभरिका ३३ वटा सरकारी, सामुदायिक तथा निजीस्तरका उच्च शैक्षिक संस्थाहरुले यसप्रकारको प्रमाणपत्र प्राप्त गरेका छन् र अन्य केही संस्थाहरु प्रमाणपत्र प्राप्त गर्ने क्रममा रहेका छन्।

पृथ्वीनारायण क्याम्पसले सो प्रमाणपत्र प्राप्त गर्नका लागी २०७४ साल पौष २४ गते आयोगबाट आसयपत्र प्राप्त गरी अंग्रेजी विभागका सह-प्राध्यापक डा. मीन पुनको संयोजकत्वमा एक एकाइ गठन गरी QAA प्रक्रियाको थालनी गरिएको थियो। सो प्रक्रिया पूरा गर्न गठित एकाइअन्तर्गत विभिन्न समिति र उप-समितिहरुको समेत गठन गरी कार्य सम्पन्न गरिएको हो।

संयोजक डा. पुनका अनुसार विशेष गरी तिन वटा समितिहरु आन्तरिक गुणस्तर सुनिश्चितता समिति, स्वअध्ययन टोली र शैक्षिक व्यवस्थापन सूचना पद्धति टोलीको सक्रियता रहेको थियो भने अन्य उप-समितिहरुमध्ये गुरुयोजना टीम, वार्षिक प्रतिवेदन टीम, प्राज्ञिक लेखापरिक्षण टीम, सार्वजनिक सूचना टीम, अतिरिक्त कार्यक्रम एकाइ, रोजगारी पदस्थापन एकाइ, परामर्श सेवा एकाइ र अन्तर्राष्ट्रिय सहकार्य एकाइ लगायतका थिए।


विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
UNIVERSITY GRANTS COMMISSION
SANOTHIMI, BHAKTAPUR, NEPAL
Certificate of Institutional Accreditation
The University Grants Commission on the recommendation of the Quality Assurance and Accreditation Council hereby duly confers The Certificate of the Institutional Accreditation to
PRITHVI NARAYAN CAMPUS
Pokhara-01, Kaski
Nepal
Chairman
(Prof. Bhim Prasad Subedi, PhD)
Date: 2075/09/22 (BS)
6 January 2019 (AD)
This certificate is valid for five years from the date of issue.

(बाँकी अंश पृष्ठ ३ मा हेर्नुहोला...)

## MoUs Signed for International Exchange and Collaboration

TU-PNC, 27 July – Prithvi Narayan Campus has its international relations with a half dozen of international universities.

So far the campus has signed the Memorandum of Understanding (MoU) with Heife University, China, Wakannai Hakusei Gakuin University, Japan, Muroran Institute of Technology, Japan and Andalas University, Indonesia.

According to Dr. Min Pun, Director of International Relations Division, the campus has signed MoUs with these universities for academic exchange and international cooperation. There will be more MoUs and exchange programs in future, he further said.

### INSIDE THIS ISSUE


- QAA Awarded/1
- Best Campus of the Year Received/1
- M.Phil. Programs in Pokhara/2
- Shaping the Future/3
- First Intra-Moot Court Competition/4
- Training on Data Management/5
- Interview with Dr. Kamal K. Joshi/6
- TUTA on Academic Development/8
- Workshop on Antibiotic Suscebility/9
- MPA Students Interact with Faculty/10


## पृथ्वीनारायण क्याम्पस वर्षको उत्कृष्ट क्याम्पस घोषित

त्रिवि-पृ.ना.क्या., भदौ २४ - पृथ्वीनारायण क्याम्पस देशभरिको आंगिक क्याम्पसहरुमध्ये २०७४ सालको उत्कृष्ट क्याम्पस घोषित भएको छ। प्रत्येक वर्ष देशभरिका क्याम्पसहरुको शैक्षिक उत्कृष्टता र प्रतिस्पर्धाका आधारमा उत्कृष्ट क्याम्पस छनौट गरी पुरस्कृत गरिने परम्परा छ।

२०७५ सालको शिक्षा दिवसको उपलक्ष्यमा नेपाल सरकारबाट यो घोषणा गरिएको हो। घोषणासंगै उत्कृष्ट क्याम्पसको प्रमाणपत्रसहित नगद पुरस्कार समेत सो दिवसको उपलक्ष्यमा प्रदान गरिएको थियो।

पुरस्कार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र माननीय शिक्षा मन्त्री गिरीराजमणि पोखरेलले संयुक्त रुपमा प्रदान गर्नुभएको थियो। दिवसको आयोजना काठमाण्डौंमा अवस्थित कमलादीको प्रज्ञा प्रतिष्ठानमा गरिएको थियो।

सो पुरस्कार थाप्न क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा, सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी, आर्थिक प्रशासन प्रमुख कविराज तिवारी र QAA/Reform Unit का संयोजक डा. मीन पुन काठमाण्डौं जानुभएको थियो।

यो पुरस्कारले पृथ्वीनारायण क्याम्पसलाई

(बाँकी अंश पृष्ठ २ मा हेर्नुहोला...)

# Prithvi Narayan Campus First Institution to Offer M.Phil. Programs in Pokhara

TU-PNC, 28 July 2019 – Prithvi Narayan Campus will be the first institution to offer M.Phil. Programs outside the Kathmandu valley, it is learnt.

The campus has already drafted the curriculum for M.Phil. programs in 3 subjects: English, Social Science and Management and submitted the proposed curriculum to the Academic Council of Tribhuvan University for approval.

A delegation headed by the Campus Chief Prof. Dr. Chandra Bahadur Thapa visited Kathmandu to consult with the concerned authorities of TU, UGC and World Bank. The delegation included the coordinators of curriculum drafting subject committees: Prof. Bishwo Raj Adhikari of English, Prof. Dr. Lekh Nath Bhattarai of Social Science and Dr. Hari Prasad Pathak of Management, and QAA Director Dr. Min Pun.

The proposed M.Phil. programs will be introduced in the campus from the coming session as part of academic autonomy of Tribhuvan University, funded by UGC, Nepal through the TU Higher Education Reform Project.

According to the source, academic autonomous programs are facilitated for the accredited higher education institutions in Nepal. Such institutions design their own courses, run classes and conduct examinations on their own independently.

So far the campus offers 31 academic programs: 10 Bachelors and 21 Masters. The proposed M.Phil. programs would be introduced for the first time in the history the campus.

# QAA (गुणस्तरको प्रमाणपत्र) सँगै ६ करोड २८ लाख रुपैयाँ प्राप्त

त्रि.वि. – पृ.ना.क्या., साउन १२ - पृथ्वीनारायण क्याम्पसले विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) को प्रमाणपत्र प्राप्त गरेवापत पाउने अनुदान रकम हालै प्राप्त भएको छ । अनुदान रकम उत्तिर्ण विद्यार्थीको संख्याका आधारमा पाइने र सो रकम ६ करोड २८ लाख रुपैयाँ रहेको छ ।

QAA/Reform Unit का निर्देशक डा. मीन पुनका अनुसार सो अनुदान रकम क्याम्पसले प्रदान गरिने शिक्षामा गुणस्तर ल्याउनका लागी भौतिक, शैक्षिक, प्राज्ञिक र अन्य गतिविधिहरु सञ्चालनमा खर्च गरिने छ र सो रकम ६ महिनाभित्र खर्च गरिसक्नु पर्ने छ ।

डा. मीन पुनका अनुसार, अनुदान रकम इ-लाइब्रेरी स्थापना, भिडियो कन्फेरेन्सीङ्ग सञ्चालन, ICT Centre स्थापना, अनुसन्धान, सभा गोष्ठी सञ्चालन, भवन मर्मत सम्भार, पुस्तकहरु खरीद लगायतमा खर्च गरिने छ । अनुसन्धानका लागी १ करोड रुपैयाँको अक्षय कोष खडा गरिने छ । त्यसैगरी अर्को ५० लाख रुपैयाँको अक्षय कोष खडा गरी व्याजबाट आउने रकमलाई सेमिनार गोष्ठी सञ्चालन गर्नमा खर्च गरिने छ । बाँकी सबै अनुदान रकमलाई क्याम्पसको समग्र विकासका लागी खर्च गरिने छ ।

यी माथि उल्लेखित अनुदान रकमको खर्च गर्न बजेट तयार गरी क्याम्पस कार्यसमितिबाट अनुमोदित भई विश्वविद्यालय अनुदान आयोगबाट पारित भएपछि मात्र खर्च गरिने प्रावधान छ । अनुदान रकमको खर्च आयोगबाट पारित बजेटमा उल्लेख गरिए अनुसारको शीर्षकहरुमा मात्र खर्च गरिनु पर्ने र सो अनुसार र तोकिएको समयमा खर्च भए/नभएकोबारे आयोगबाट अनुगमन गर्ने व्यवस्था छ ।

क्याम्पसमा QAA को प्रक्रिया सुरु भएपछि करीब डेढ वर्षयताको अवधिमा क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट लगभग १५ करोड रुपैयाँ विविध शीर्षकमा प्राप्त गरेको छ ।

स्मरण रहोस् गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) को प्रमाणपत्र सन् २०१९ को जनवरी महिनामा प्राप्त भएको थियो ।

(उत्कृष्ट क्याम्पस ... पृष्ठ १ को बाँकी अंश)

विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने QAA (गुणस्तरको प्रमाणपत्र) प्राप्त गर्नमा समेत सहयोग गर्ने छ, क्याम्पस प्रमुख थापाको भनाई थियो ।

हरेक वर्ष विश्वविद्यालय अनुदान आयोगको छनौटमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आंगिक, सामुदायिक र निजी क्याम्पस गरि १/१ क्याम्पसलाई घोषणासहित नगद र प्रमाणपत्रले पुरस्कृत गर्दछ ।

त्यसैगरी सामुदायिक क्याम्पसहरुमध्ये लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल र निजी क्याम्पसहरुमध्ये मनमोहन स्मृति स्वास्थ्य विज्ञान संस्थान उत्कृष्ट घोषित भएका थिए ।

त्यसैगरी विद्यालयतर्फ देशभरिका सामुदायिक र संस्थागत विद्यालयहरुमध्येबाट २०७४ सालमा प्रथम, द्वितीय र तृतीय उत्कृष्ट हुने विद्यालयहरुलाई पनि पुरस्कृत गरिएको थियो । सोही अवसरमा महाविद्यालयहरुतर्फ उत्कृष्ट प्रथम, द्वितीय र तृतीय संस्थाहरुलाई पनि पुरस्कृत गरिएको थियो । स्मरण रहोस् संयोगवश यस वर्षका उत्कृष्ट हुने क्याम्पस तथा विद्यालयहरुमध्ये ४ वटा संस्थाहरु पोखराका रहेका थिए । जसमध्ये आंगिक क्याम्पसतर्फ पृथ्वीनारायण क्याम्पस, उच्च माध्यामिक तहको शिक्षातर्फ अमरसिंह उच्च माध्यामिक विद्यालय, सामुदायिक विद्यालयतर्फ शितलादेवी उच्च माध्यामिक विद्यालय र निजी विद्यालयतर्फ मदरल्याण्ड उच्च माध्यामिक विद्यालय उत्कृष्ट घोषित भएका थिए ।

यसै सन्दर्भमा कास्की जिल्ला समन्वय समितिले समेत संविधान दिवस २०७५ को अवसरमा कास्की जिल्लाबाट २०७४ सालमा उत्कृष्ट भएका क्याम्पस तथा विद्यालयहरुलाई सम्मानस्वरुप ट्रफी र प्रमाणपत्र प्रदान गरी पुरस्कृत गरेको थियो । सो पुरस्कार गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदान गर्नुभएको थियो ।



# "Shaping the Future of Higher Education in Prithvi Narayan Campus" Discussed

TU-PNC, 23 May 2019: Prithvi Narayan Campus organized a discussion on the topic "Shaping the Future of Higher Education in Prithvi Narayan Campus" on 22 May 2019. The program was chaired by the Campus Chief Dr. CB Thapa.

The program was attended by Prof. Dr. Devraj Adhikari, Member Secretary of UGC, Nepal, Prof. Shankar Prasad Bhandari, Coordinator of TU Higher Education Reform Project, Kirtipur, and representatives from the World Bank Group: Prof. Dr. Mohan Prasad Aryal, Team Leader of Higher Education Reform Project of Nepal, MD Mokhlesur Rahman, Senior Operations Officer for Education (Bangladesh Representative), and Dr. Shiro Nakata, Senior Educational Economist (Japan Representative).

Presenting his discussion on prospects, challenges and strategies of Prithvi Narayan Campus, Dr. Min Pun expressed his concern over the future of the campus. He said that the campus has strengths to put its efforts to further develop its institution towards the university. He also discussed the challenges ahead on bureaucracy and professionalism within Tribhuvan University.

Dr. Pun's presentation was followed by an interactive session.

Speaking at the same session, Dr. Mohan Prasad Aryal expressed his satisfaction with the progress of the campus and said that the campus needs to work hard to achieve the desired goals.

Similarly, Dr. Devraj Adhikari spoke about the possibility of transforming this institution into a university. He further said that the UGC is always ready to support the campus.

The program was attended by Assistant Campus Chiefs, HoDs, Faculty and non-teaching staff of the campus.

## नयाँ भवन निर्माण अन्तिम चरणमा

त्रि.वि. – पृ.ना.क्या., साउन १४ - त्रिवि उच्च शिक्षा सुधार परियोजना र पृथ्वीनारायण क्याम्पसको संयुक्त लगानीमा सवा तिन तलाको भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

आर्थिक प्रशासनका अधिकृत चिरञ्जिवी थपलियाका अनुसार यो भवन करीब ६ करोड ८० लाखको लागतमा सम्पन्न हुनेछ । त्रिवि उच्च शिक्षा सुधार परियोजनाबाट दुई तिहाई लगानी र एक तिहाई क्याम्पसका लगानीमा सम्पन्न हुन लागेको भवनमा कक्षा कोठाहरु बनाइने छ, वहाँले थप्नुभयो ।

यो म्याचिङ्ग ग्रान्टअन्तर्गत विश्वविद्यालय अनुदान आयोग हुदै त्रिवि उच्च शिक्षा सुधार परियोजनामार्फत क्याम्पसहरुलाई प्रदान गरिने अनुदान हो ।

**(गुणस्तरको प्रमाणपत्र ... पृष्ठ १ को बाँकी अंश)**

गुणस्तरीयताको प्रमाणपत्र प्राप्त गर्न क्याम्पसले आयोगमा मूल्यांकनका लागी स्वअध्ययनको प्रतिवेदन बुझाउनु पर्ने हुन्छ जुन गत जेठ ३१ गते बुझाएको थियो । सो प्रतिवेदनका आधार मा आयोगले गत साउन २२ गते त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. कमलकृष्ण जोशीको संयोजकत्वमा सह-मूल्यांकन टीम गठन गरी गत भदौ २८ गतेदेखि ३१ गतेसम्म सो टीमले क्याम्पसको प्रथम अवलोकन भ्रमण गरी प्रतिवेदन मार्फत क्याम्पसमा थप सुधारका लागि सुझाव पेश गरेको थियो । सह-मूल्यांकन टीममा प्रा.डा. बासु काफ्ले, प्रा.डा. माधवराज कोइराला, प्रा.डा. मनसा ठकुराठी, प्राध्यापक सपना श्रेष्ठ र विदेशी विज्ञमा प्रा.डा. एमसी गायत्री रहनुभएको थियो । त्यसैगरी आयोगका तर्फबाट नारायण भण्डारी, नविना चौलागाई र आश्मा अधिकारी पनि सहभागी रहनु भएको थियो ।

त्यसैगरी सह-मूल्यांकन टीमको अन्तिम अवलोकन तथा मूल्यांकन भ्रमणका क्रममा विश्वविद्यालय अनुदान आयोगका नवनियुक्त अध्यक्ष प्रा.डा. भिमप्रसाद सुवेदी र सदस्य सचिव प्रा.डा. देवराज अधिकारीको पनि उपस्थिति रहेको थियो ।

सह-मूल्यांकन टीमले दिएको प्रतिवेदनमा उल्लेख गरिएका सुझाव र आयोगद्वारा सिफारिस गरिएका उच्च शिक्षामा गुणस्तरका मापदण्डहरुका आधारमा क्याम्पसले सम्पूर्ण सुधारलगायतका कार्यहरु सम्पन्न गरी अन्तिम मूल्यांकन गर्न सहमतिका लागी लिखित जवाफ दिएको थियो । सोही अनुसार सह-मूल्यांकन टीमले गत मंसीर २५ गतेदेखि २९ गतेसम्म क्याम्पसमा अन्तिम अवलोकन तथा मूल्यांकन भ्रमण गरेको थियो । आयोगको संस्थागत मूल्यांकनको प्रावधान अनुसार आयोगले खटाएको अन्तिम अवलोकन तथा मूल्यांकन भ्रमण टोलीमा एक जना विदेशी विज्ञसमेतको सहभागिता रहेको थियो ।

गुणस्तरको प्रमाणपत्र वितरण समारोह सानोठिमी भक्तपुरमा रहेको विश्वविद्यालय अनुदान आयोगको कार्यालयमा आयोजना गरिएको थियो । यो प्रमाणपत्र प्राप्त गर्ने उच्च शैक्षिक संस्थाहरुमा पृथ्वीनारायण क्याम्पसबाहेक किर्तिपूरमा रहेको वनस्पतिशास्त्रकेन्द्रिय विभाग, उदयपूरमा रहेको त्रियुगा जनता क्याम्पस, बुटवलको सिद्धार्थ गौतम बुद्ध क्याम्पस पनि थिए ।

प्रमाणपत्र वितरण समारोहमा आफ्ना प्रतिवेदन प्रस्तुत गर्ने क्रममा पृथ्वीनारायण क्याम्पसका लागि सह-मूल्यांकन गर्न गठित टीमका संयोजक प्रा.डा. जोशीले पृथ्वीनारायण क्याम्पस आफैमा एक विश्वविद्यालय रहेको र हरेक दृष्टिकोणले सम्पन्न रहेकाले हामीले गुणस्तरको प्रमाणपत्र दिनुपर्छ भनेर सिफारिस गर्नमा कुनै द्विविधा नरहेको विचार व्यक्त गर्नु भयो । QAA प्रक्रिया थालेपछि सबैभन्दा चाँडो सो प्रक्रिया पूरा गरी गुणस्तरको प्रमाणपत्र प्राप्त गर्ने संस्थामा विश्वविद्यालय अनुदान आयोगको इतिहासमा पृथ्वीनारायण क्याम्पस पहिलो हो र त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसहरुमध्ये यो दोस्रो हो, वहाँले अगाडि भन्नुभयो ।

सो समारोहमा पृथ्वीनारायण क्याम्पसको तर्फबाट मन्तव्य दिदै क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाले ज्ञानबिनाको व्यक्ति र गुणबिनाको संस्था काम नलाग्ने हुनाले हामीले क्याम्पसलाई जसरी पनि QAA प्राप्त गराउनु पर्छ भनेर मीन सरलाई QAA को प्रक्रिया अगाडि बढाउनुस् भनेर अख्तियारी दिएको हो । डा. पुनले इमान्दारीपूर्वक आफ्ना मातहतका टीमहरुलाई सक्रिय बनाई यो उपलब्धि प्राप्त गर्न सफल भयौं, वहाँको भनाई थियो । अब हाम्रासामु थप चुनौती र जिम्मेवारी थपिएको भन्दै संस्थाले प्रदान गर्ने उच्च शिक्षामा गुणस्तरीयता कायम राख्ने कुरामा पछि नहट्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

क्याम्पस सूत्रका अनुसार पृथ्वीनारायण क्याम्पसले QAA प्राप्त गरेपछि यसको पहिलो सीधा असर विद्यार्थीमा पर्ने छ । जस्तोकि विद्यार्थीहरुले प्राप्त गरेका प्रमाणपत्रले सर्वत्र (दुबै देशभित्र र देशबाहिर) मान्यता पाउने छ (त्यसका लागि क्याम्पसले प्रयोग गर्ने लेटर हेड र चारित्रिक प्रमाणपत्रमा QAA प्राप्त लोगो रहने छ) । त्यसैले विद्यार्थीको पठनपाठनमा गुणस्तरीयता बढ्ने छ र विद्यार्थीको भर्ना संख्यामा क्रमिक वृद्धि हुनेछ । त्यसरी नै प्राध्यापक तथा कर्मचारीले समेत गर्व गर्नसक्ने वातावरण र मान्यता पाउने छन् । यसका साथै विश्वविद्यालय अनुदान आयोगबाट थप अनुदानका साथै नियमित अनुदानमा वृद्धि हुनेछ । र समग्रमा, क्याम्पससंग सम्बद्ध शिक्षक, विद्यार्थी, कर्मचारी, अविभावक र व्यवस्थापन समितिलगायत सम्पूर्ण सरोकारवालाहरु सबैलाई क्याम्पसको प्रगति गरी गुणस्तरीय शिक्षा प्रदान गर्नमा सधै प्रेरित गर्ने छ ।

# गण्डकी प्रदेश सरकारले स्मृति भवन पुनर्निमाण र विज्ञान प्रतिष्ठान स्थापना गरिदिने

त्रिवि-पृ.ना.क्या., साउन १४ - पृथ्वीनारायण क्याम्पसको निर्माणाधीन स्मृति भवन (सभा हल)को पुनर्निमाणको कार्य गण्डकी प्रदेशअन्तर्गत विज्ञान मन्त्रालयले गर्ने भएको छ र सो सभा हलको प्रयोग समेत मन्त्रालयले गर्ने छ ।

सोही स्थानमा मन्त्रालयले अर्को स्थानमा आफ्नै भवनको व्यवस्था नभएसम्म विज्ञान प्रतिष्ठानको पनि स्थापना गर्ने भएको छ । प्रतिष्ठानका लागी सँगै रहे को अर्को भवनको प्रयोग गरेवापत र स्मृति भवनको प्रयोग गरेवापत मन्त्रालयले कर्मचारीका लागी केहि आवाससमेत बनाई दिनेबारे दुई पक्षबीच सम्झौता गरिएको छ ।

क्याम्पस सूत्रका अनुसार, सम्झौतामा उल्लेख भएअनुसार विज्ञान मन्त्रालयले १० वर्षसम्म सभा हल र विज्ञान प्रतिष्ठानका लागी भवनको प्रयोग गर्ने छ । त्यसैगरी सम्झौतामा क्याम्पसका विद्यार्थीले सो सभा हल र प्रतिष्ठानको विज्ञान प्रयोगशाला प्रयोग गर्न पाउने कुरा समेत उल्लेख गरिएको छ ।

## Field Visit for MPA First Semester Students

TU-PNC, 2 July 2019 – The students of MPA First Semester visited Rupa Rural Municipality on 1 July 2019 as part of their interaction program with the local authorities.

The aim of the field visit was to interact with the local government bodies regarding good governance and public administration, said Dr. Girdhari Dahal who is the class instructor for the students. Students had a fruitful interaction with the local government bodies, he added. The visiting students were led by him.

## एमपीए कार्यक्रमको स्थलगत अध्ययन भ्रमण सम्पन्न

त्रिवि-पृ.ना.क्या., चैत २५ - पृथ्वीनारायण क्याम्पसअन्तर्गत सञ्चालित एमपीए कार्यक्रमका चौथो सेमेष्टरका विद्यार्थीहरुका लागी स्थलगत अध्ययन भ्रमण सम्पन्न भएको छ ।

स्थलगत अध्ययन भ्रमणको अगुवाई कक्षा शिक्षक पुष्पनिधि अमगाईले गर्नुभएको थियो भने विद्यार्थीहरुको टोलीलाई रुपाताल संरक्षण परियोजनामा लगिएको थियो ।

मिति २०७५ चैत २५ गतेका दिन एक दिनमा सो भ्रमण सम्पन्न गरी विद्यार्थीहरुलाई प्रोजेक्ट रिपोर्ट तयार गर्न लगाइएको थियो ।

## UGC Grants for Science Laboratory Renovation

TU-PNC, 31 July 2019 – Prithvi Narayan Campus has received a grant of Rs. 17,100,000 (1 crore 71 lakh rupees) from the University Grants Commission (UGC), Nepal recently.

According to the source, the grant will be utilized to renovate the science laboratory and to purchase equipments for science laboratory. Approximately an amount of Rs. 5,400,000 (54 lakhs) has been allocated for the physics lab, the same amount for the chemistry lab and the remaining amount will be utilized to renovate and purchase equipments for microbiology, botany, zoology and geology laboratories.

The campus source informed that the science laboratory of Prithvi Narayan Campus is one of the richest and biggest laboratories among the higher education institutions in Nepal.

Currently, approximately 160 faculty members are involved in teaching more than 1200 science students in the campus.

There are 5 Bachelor's and Master's programs under the Institute of Science & Technology such as B.Sc. General Science, B.Sc. CSIT, M.Sc. Physics, M.Sc. Mathematics and M.Sc. Chemistry.

# First Intra-Moot Court Competition Held

TU-PNC, 26 July 2019 – The BALLB Program of Prithvi Narayan Campus organized the "First Intra-Moot Court Competition" on 24-25 July 2019. The aim of the competition was to help students develop their skills in research, argumentative drafting and oral advocacy in the court.

Among the teams, Team 202, Team 203, Team 207, and Team 209 reached the semifinals. Among the semifinalists, Team 207 and Team 209 reached the final of the competition. With the slightest margin, Team 207 comprising of Sushman Budhathoki, Bidhya Subedi and Bishal Pant became the winner of the competition. Team 209 comprising of Tajuddin Mansoor, G.T. Parbati and Sagar Adhikari became the runner up in the competition.

As usual, the winning team becomes qualified for the Second Bharat Raj Upreti Memorial Moot Court Competition. The Best Memorial Prize was won by Team 201 for their outstanding memorial and the Best Mooter was won by Ashmita Tiwari for her outstanding pleading before the court.

The competition was organized by the Moot Court Society in Prithvi Narayan Campus and was sponsored by the campus itself.

In the completion, the BALLB Program Director Lal Bahadur Kunwar was as facilitator for the completion and provided all support and guidance throughout the competition.



# 4-Day Training on Data Management and Analysis in Management Research

TU-PNC, 4 June 2019 – The Faculty of Management under Prithvi Narayan Campus organized a seminar/workshop on the topic "4-Day Training on Data Management and Analysis in Management Research" on 31 May – 3 June 2019. The seminar/workshop was held in Regional Agricultural Research Station in Lumle, Kaski.

The seminar/workshop was inaugurated by Prof. Dr. Bed Nath Sharma of the Department of Marketing, Prithvi Narayan Campus who was also one of the resource persons in facilitating the four days seminar/workshop.

Speaking from the chair of the inaugural session, Assistant Campus Chief Dr. Bir Bahadur Karki highlighted the objectives and significance of the seminar/workshop and expressed the importance of research in the faculty development activities.

The seminar/workshop was divided into 12 sessions, discussing about various aspects of research through theoretical and methodological approaches. It was facilitated by the resource persons from different areas of research: Prof. Dr. Bed Nath Sharma, Prof. Dr. Vikas Kumar KC, Dr. Hari Prasad Pathak, Dr. Bir Bahadur Karki, Dr. Surya G.C. and Devi Lal Sharma.

Speaking at the closing ceremony, Campus Chief Prof. Dr. Chandra Bahadur Thapa expressed his appreciation for conducting such a fruitful program and said that research provides an individual a lifelong learning opportunities.

The closing session was chaired by the Head of the Department of Management Research Indra Prasad Sharma, speech was delivered by Faculty Deepak Banstola, and hosted by Faculty Bhupal Jaisi.

A financial support of 118,000 rupees was provided by the University Grants Commission (UGC), Nepal to meet the expenses of the program. It was a faculty development grant aiming at training teachers, researchers and scholars working in universities.

Attended by 45 faculty members in the seminar/workshop, the welcome speech was delivered by Bishnu Prasad Bhandari, the Head of the Department of Sectoral Management and the program was hosted by Faculty Resam Lal Poudel.

# संविधानवाद र लोकतन्त्रको सदृढीकरणमा नेपालको संविधानबारे बहस

त्रि.वि.- पृ.ना.क्या., भदौ ३० (२०७५) - पृथ्वी नारायण क्याम्पस राजनीतिशास्त्र विभाग, र नेपाल ल क्याम्पस, काठमाण्डौंको संयुक्त आयोजनामा मिति २०७५ भाद्र २५ गते पोखराको होटल कान्तिपुरमा "संविधानवाद र लोकतन्त्रको सदृढीकरणमा नेपालको संविधान" विषयक एक छलफलको आयोजना गरियो ।

FES नेपालको सहयोगमा भएको उक्त कार्यक्रमको अध्यक्षता नेपाल ल क्याम्पसका प्रमुख डा. डी.एन. पराजुलीले गर्नु भएको थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै राजनीतिशास्त्र विभागका प्रमुख डा. उमानाथ बरालले हालसम्म आएका सात संविधानहरुमध्ये पछिल्लो "नेपालको संविधान" सम्प्रभुता, सामाजिक-राजनीतिक समावेशिता, मानव अधिकार र संघीय शासन प्रणालीका विविध पक्षका कारण लोकप्रिय र विशिष्ट रहेको उल्लेख गर्नुभयो । लोकतन्त्र सफल हुनका लागी राजनीतिक संस्कृति आवश्यक रहेको र यसलाई सरकार र व्यवस्थाको आशयमा मात्र बुझ्न नहुने बरु यि लगायत समाज र व्यक्तिको आवश्यक आचरणका रुपमा पनि लिनु पर्दछ भन्नुभयो । लोकतन्त्रको गुण र मान्यता प्रति प्रतिवद्धता, ईच्छाशक्ति र समर्पण भएमा मात्र नेपालको संविधानले अपेक्षा गरेको लोकतन्त्रको सदृढीकरण हुने मन्तव्य डा. बरालले दिनु भयो ।

कार्यक्रममा प्रा.डा. लेखनाथ भट्टराईले "नेपालको संविधान कार्यान्वयनमा वित्तीय संघीयताः अवसर र चुनौती" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । वहाँले आर्थिक रुपमा सक्षमता नभै संघीयता सफल नहुने तथा वित्तीय सदृढीकरणका लागी तिनै तहका सरकारहरुले विज्ञको सहयोगमा आवश्यक नीति तर्जुमा गर्नुपर्ने उल्लेख गर्नुभयो । कर र शुल्क फरक पाटा हुन् भन्दै लोकतन्त्रको सदृढीकरणका लागी प्रगतिशील कर प्रणाली आवश्यक रहेको, कर भनेको औचित्य तथा सक्षमता अभिवृद्धिका आधारमा मात्र लागू गर्नुपर्ने विचार प्रा. भट्टराईले राख्नु भएको थियो ।

कार्यपत्रमाथि प्रा.डा. यादव गौडेलले टिप्पणी गर्नु भएको थियो । त्यस्तै प्रशासकीय अदालतका पूर्व न्यायधिश काशीराज दाहालले "सङ्घीय संविधान र तहगत अन्तरसम्बन्ध" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमाथि सहप्राध्यापक कृष्ण गुरुङले टिप्पणी गर्नुभएको थियो ।

FES नेपालका आवासीय प्रतिनिधि एनेट सिचल्ट, चन्द्रदेव भट्ट र नेपाल ल क्याम्पसका सहप्राध्यापक गणेश भट्टले पनि उक्त कार्यक्रमा सम्बोधन गर्नुका साथै सक्रिय सहभागिता रहेको थियो ।

प्राध्यापक, वकिल, नागरिक समाज, राजनीतिक दल, पत्रकार तथा राजनीतिशास्त्र तथा वीएएलएलवीका विद्यार्थीहरु गरी लगभग १०० जनाको उपस्थिति रहे को उक्त कार्यक्रम भब्य रुपमा सम्पन्न भएको थियो । करिब ३० जना सहभागिहरुले आ-आफ्नो टिप्पणी तथा जिज्ञासा राख्नु भएको थियो ।

# एमवीएस प्रथम सेमेष्टरका विद्यार्थीद्वारा रक्तदान

त्रिवि-पृ.ना.क्या., चैत्र २८ - पृथ्वीनारायण क्याम्पस व्यवस्थापन संकाय एमवीएस प्रथम सेमेष्टरका विद्यार्थीद्वारा मिति २०७५ चैत्र २८ गते क्याम्पसको हाताभित्र रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

एमवीएस प्रथम सेमेष्टरका विद्यार्थी प्रदीप पौडेल को सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि व्यवस्थापन संकायका सहायक क्याम्पस प्रमुख डा. वीरबहादुर कार्कीले पहिलो रक्तदाता प्रदीप पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरी उद्घाटन गरिएको थियो ।

प्रमुख अतिथि डा. कार्कीले विद्यार्थीहरुका रचनात्मक तथा समाजउपयोगी यस्ता कार्यक्रमलाई क्याम्पसलगायतका सबै निकायले प्रोत्साहन दिनु पर्छ भन्नु हुदै आगामी दिनहरुमा यस्ता क्रियाकलापहरु गर्दै जान विद्यार्थीहरुलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा क्षेत्रगत अनुसन्धान विभागका विभागीय प्रमुख विष्णुप्रसाद भण्डारीले रक्तदान र यसका फाईदाहरुका बारेमा प्रकाश पार्नु भएको थियो ।

उल्लेखनीय रुपमा विद्यार्थीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा विद्यार्थी शेखर कोइरालाले स्वागत मन्तव्य दिनु भएको थियो भने अर्का विद्यार्थी सन्दीप पौडेलले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

कार्यक्रम आयोजकका अनुसार सो कार्यक्रमबाट ५७ यूनिट रगत संकलन गरिएको थियो ।

आयोजक सूत्रका अनुसार संकलित ब्लडलाई क्याम्पसका विद्यार्थीहरुका लागी प्रयोगमा ल्याइने छ ।

विशेष अन्तर्वार्ता

# हिजोको समर्पण भाव, कर्तव्यनिष्ठता र लगनशीलतालाई आज बढाउन नसके पनि कमसेकम त्यसबाट स्खलित नहोऔं ।

**- डा. कमलकृष्ण जोशी, पूर्व उपकुलपति, त्रिभुवन विश्वविद्यालय**



**काठमाण्डौं उपत्यकाको ललितपुरमा जन्मनु भएका डा. कमलकृष्ण जोशीले विक्रम सम्बत २०३५ सालमा कर्नाटक विश्वविद्यालयबाट वनस्पतिशास्त्र विषयमा विद्यावारिधि अध्ययन पूरा गरी विक्रम सम्बत २०३६ सालमा त्रिभुवन विश्वविद्यालयको सेवामा उप-प्राध्यापक पदबाट प्रवेश गर्नु भएको हो । वहाँ विक्रम सम्बत २०५१ सालदेखि २०५४ सालसम्म त्रिभुवन विश्वविद्यालयको उपकुलपति र विक्रम सम्बत २०६३ सालदेखि २०६७ सालसम्म विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष भई नेपालको उच्च शिक्षामा वहाँको महत्वपूर्ण योगदान रहेको छ ।**

**डा. जोशी एक सरल, लगनशील र मृदुभाषी प्राध्यापक र एक कुशल प्राज्ञिक प्रशासकका रुपमा परिचित हुनुहुन्छ । नेपालको उच्च शिक्षासंग सम्बन्धित संस्थाहरुमा सेवारत रही सेवानिवृत समेत भई सक्नु भएका डा. जोशीको यस क्षेत्रको लामो समयको अनुभवबारे हाम्रा बुलेटिन सम्बाददातासँग भएको कुराकानीको केहि अंश -**

**बुलेटिन : त्रिभुवन विश्वविद्यालयको सेवामा तपाईको प्रवेश गर्ने समयका कुनै रोचक प्रसंग छन् ?**

**डा. जोशी :** एउटा रोचक प्रसंग अवश्य छ । विद्यार्थी राजनीतिमा म त्यसबेला सक्रिय रहेका कारणले तत्कालीन पञ्चायत सरकारले निजामती सेवामा प्रवेश गर्ने मेरा आकांक्षा सधैंका लागी ढोका बन्द गरिदियो । लोकसेवा आयोगको परीक्षा पास गरी सकेपछि पनि नियुक्तिका लागी कतैबाट सिफारिस नभएकाले निजामती सेवामा प्रवेश गर्न पाइएन । त्यसैले अन्य क्षेत्रमा काम खोज्ने क्रममा पत्रकारिता (मातृभूमि साप्ताहिकमा) र नेपाल परिवार नियोजन संघको सूचना, शिक्षा तथा सञ्चार शाखा हुदै त्रिभुवन विश्वविद्यालयको उप-प्राध्यापक पदमा स्थायी नियुक्ति लिएर विश्वविद्यालय सेवामा प्रवेश गरेको थिएँ ।

**बुलेटिन : त्रिभुवन विश्वविद्यालयको प्राध्यापन कार्यमा लामो समय बिताउनु भयो । आफ्नो अनुभव कस्तो रह्यो ? कस्तो लाग्छ फर्केर हेर्दा ती दिनहरुलाई ?**

**डा. जोशी :** उन्नतिको सरल संकेत भनेको हिजोभन्दा आज राम्रो, आजभन्दा भोली राम्रो हुनु पर्ने हो । कतिपय कुरा हरुमा राम्रो पनि भएका छन् तरपनि समग्रमा हेर्दा उत्साहजनक प्रगति देखिएन । धेरैजसो क्षेत्रमा विश्वविद्यालय अझ खस्केको नै छ कि जस्तो देखिन्छ । तर वर्ल्ड क्लास युनिभर्सिटीको सूचीमा भने टाईम्स हाईयर एजुकेशन (Times Higher Education) ले ४००० भन्दा तल झरेको स्थानबाट माथि आएर ८०० देखि १००० सम्मको स्थानमा पुग्दा सबैलाई सुखद आश्चर्यमा पारेको छ । "त्रिभुवन विश्वविद्यालय बचाऊ" अभियान चलाउनु पर्ने अवस्था आयो भनेर ठाउँ ठाउँबाट स्वर सुन्नमा आएको बेला टाईम्स हाईयर एजुकेशनले त्रिभुवन विश्वविद्यालयको यस प्रकार को स्थान देखाएपछि यसलाई सुखद आश्चर्य मान्नु स्वाभाविक नै भयो । जेहोस् अरुहरुको आँखामा हामी त्यति धेरै गिरेका रहेनछौं भन्ने आभास दिन्छ ।

हिजोका दिनहरुलाई फर्केर हेर्दा आज कस्तो लाग्छ भने हिजो पनि हामी सन्तुष्ट थिएनौं आज पनि हुन सकेनौं । तर हिजोको समर्पण भाव, कर्तव्यनिष्ठता र लगनशीलतालाई आज बढाउन नसके पनि कमसेकम त्यसबाट स्खलित नहो औं । मेरो अनुभवले त्यसै भन्छ ।

**बुलेटिन : त्रिभुवन विश्वविद्यालयको उपकुलपति भई मुख्य कार्यकारी पदमा रही विश्वविद्यालयको सेवा गर्ने अवसर पनि प्राप्त भयो । तपाई उपकुलपति रहँदाको र अहिलेको अवस्थामा के अन्तर देख्नुहुन्छ ? के के उल्लेखनीय कुराहरू सम्पन्न गर्नु भयो र के के कुरा हरूमा परिवर्तन गरे जस्तो लाग्छ ?**

> **मेरा सबै प्रयासहरु त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक उन्नयन, प्रशासनिक सुधार र आर्थिक अनुशासनमा केन्द्रित थिए ।**

**डा. जोशी :** मेरा सबै प्रयासहरु त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक उन्नयन, प्रशासनिक सुधार र आर्थिक अनुशासनमा केन्द्रित थिए । आवश्यकताअनुसार शैक्षिक कार्यक्रमहरुको पुनरावलोकन र आधुनिकीकरण तथा स्थानीय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा माग भएका लोकप्रिय नयाँ कार्यक्रमहरुको थालनी गराइयो । उपयुक्त शैक्षिक क्यालेण्डर बनाई त्यसलाई पूर्ण कार्यावधिभर कडाइका साथ पालना गरियो । २०३६ सालदेखि महा लेखा परीक्षण हुन बाँकी रहेका सबै महालेखा परीक्षण महालेखा परीक्षकहरुलाई अतिरिक्त पारिश्रमिक दिएर अतिरिक्त समय काम लगाई सम्पन्न गरियो ।

त्यस्तै २०३६ सालदेखि नै यदाकदा दीक्षान्त समारोह भएता पनि धेरै सालको दीक्षान्त समारोह गर्न बाँकी रहेकाले परीक्षा पास गरेर बसेका विद्यार्थीहरुले सक्कली प्रमाणपत्रहरु पाउन नसकेर अगाडि अध्ययनका लागी अन्य विश्वविद्यालयहरुमा प्रवेश पाउन र व्यवसाय सुरु गर्न चाहनेले सम्बन्धित संस्थामा सक्कली प्रमाणपत्र पेश गर्न सकेको थिएन । चार वर्षको कार्यावधिमा सात पटक दीक्षान्त समारोह गरेर बाँकी रहे का सम्बन्धित सबै कार्य सम्पन्न गरियो ।

धेरै वर्षदेखि समयमा परीक्षाहरु हुन सकिरहेको थिएन । दुई वर्षको कार्यक्रम सकाउन विद्यार्थीहरुलाई तीन वर्ष, चार वर्ष लाग्ने कुरा साधारण भइसकेथ्यो । त्यसलाई पनि बढी कक्षाहरु सञ्चालन गरेर र परीक्षाका बढी कार्यक्रमहरु राखेर समयमै परीक्षाका परिणामहरु प्रकाशित गरेर पछि परेका सबै कार्यक्रहरु सल्टाइयो ।

शिक्षा-भूमण्डलीकरणको आजको समयमा

अन्तर्राष्ट्रिय माग, प्रचलन र लोकप्रियतासँग नेपालको शिक्षामात्र अलग रहन सक्तैन । अन्तर्राष्ट्रिय प्रचलनबाट हामी अलग रहन खोज्यौं भने हाम्रो शिक्षा हाम्रै लागी पनि काम नलाग्ने हुनसक्छ । त्यसैले शिक्षालाई अन्तर्राष्ट्रिय स्तरको बनाउने उद्देश्यले बाहिर का विभिन्न स्तरीय विश्वविद्यालयहरुसँग अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य बढाउन अमेरिका, क्यानडा, जर्मनी, नर्वे, अष्ट्रेलिया, न्युजिल्याण्ड, जापान, थाइल्याण्ड, भारत, चीन, कोरिया आदि देशका विश्वविद्यालयहरुसँग विभिन्न क्षेत्रमा सहकार्यका लागी समझदारी पत्रमा हस्ताक्षर गरियो र त्यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्य ले पहिलोपल्ट त्रिभुवन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका स्थापना गरियो ।

विभिन्न अध्ययन संस्थानहरु र क्याम्पसहरुको विकेन्द्रिकरणका थालनी गरियो । इञ्जिनियरिङ्ग अध्ययन संस्थानको सफल विकेन्द्रिकरणको लोकप्रियता र आकर्षणलाई बढायो । फलस्वरुप विकेन्द्रिकरणको मागको स्वर अन्य अध्ययन संस्थानहरु, आङ्गिक क्याम्पसहरु र अनुसन्धान केन्द्रहरुबाट पनि सुनिन थाल्यो । तरपनि पछिल्ला दिनहरुमा विकेन्द्रिकृत अध्ययन संस्थानहरु र क्याम्पसहरुमा केन्द्रको नियन्त्रण बढेका र विकेन्द्रिकरणको लोकप्रियतामा कमि आएका गुनासाहरु धेरै सुन्नमा आए । त्रिभुवन विश्वविद्यालय र यससँग सम्बद्ध अध्ययन संस्थानहरु र क्याम्पसहरुका लागी विकेन्द्रिकरणको कार्यक्रमलाई सफल पार्नु अपरिहार्य रहेको कुरा सबैतिरबाट महसुस गरिएको छ ।

नयाँ प्रविधिको विकाससँगै प्रशासनलाई चुस्त बनाउन शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रवेश शैक्षिक प्रशासनमा प्रारम्भ गरियो । साथै सामान्य प्रशासन र आर्थिक प्रशासनमा पनि प्रविधियुक्त पद्धति प्रवेश गराई प्रशासनलाई आधुनिकता प्रदान गर्ने कार्य प्रारम्भ गरियो ।

विश्व बैंकको सहयोगमा सञ्चालित पहिलो उच्च शिक्षा परियोजना दुबै (कार्यान्वयन र दातृ) पक्षको सहमतिमा केहि परिवर्तन गरी सफलताका साथ सम्पन्न गरियो ।

**बुलेटिन : यसैमा अर्को प्रसंग पनि जोडौं । विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष भएर काम गर्दा त्रिभुवन विश्वविद्यालयबाहेक नेपालका अन्य विश्वविद्यालयहरु पनि हेर्ने र बुझ्ने अवसर प्राप्त गर्नु भयो । तपाईको अनुभवमा नेपालको उच्च शिक्षाको समग्र विकास गर्न आयोगको के भूमिका रह्यो ?**

**डा. जोशी** : देशभित्रका सबै विश्वविद्यालयहरुलाई समन्वय गरी ती विश्वविद्यालयहरुबीच अन्तर्क्रियाका अवसरहरु जुटाउनाका साथै सरकारले प्रदान गर्ने बजेट र अन्य दातृ संस्थाबाट प्राप्त हुने आर्थिक सहयोग विश्वविद्यालयको आकार, शैक्षिक कार्यक्रम, विद्यार्थी संख्या र प्रभावकारिता आदिलाई सम्बोधन गरी औचित्यताको आधारमा गरिँदै आएको वितरण परम्परालाई समेत कायम राख्दै पहिले सहयोग पाउनबाट वञ्चित रहेको लुम्बिनी बौद्ध विश्वविद्यालयलाई समेत आर्थिक सहयोग उपलब्ध गराइयो । साथै ठूलो संख्यामा सामुदायिक क्याम्पसहरुलाई पनि आर्थिक सहयोगमा उल्लेखनीय वृद्धि गर्दै ती क्याम्पसहरुको समस्यालाई धेरै हदसम्म राहत प्रदान गरियो । दोश्रो उच्च शिक्षापरियोजनाबाट निर्धारित फर्मुला फण्डिङलाई लागू गर्दै त्यस फर्मुला अनुसार फण्डिङको काम पनि प्रारम्भ भयो ।

**नेपालका उच्च शिक्षाका क्षेत्रमा संलग्न सम्पूर्ण प्राध्यापक, कर्मचारी, विद्यार्थी र सरोकारवालाहरुलाई समग्र देशको विकासमा उच्च शिक्षाको अहम् भूमिका रहने भएकाले सबैले आ-आफ्नो स्थानबाट योगदान पुर्‍याउनु हुन अनुरोध गर्दछु ।**

विश्व बैंकको सहयोगमा सञ्चालित पहिलो उच्च शिक्षा परियोजना सञ्चालनको जिम्मा मैले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी सँम्हाल्दा त्रिभुवन विश्वविद्यालयमा थियो भने दोस्रो परियोजनाको सञ्चालनको जिम्मा म विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष हुँदा विश्वविद्यालय अनुदान आयोगमै आएको थियो । परियोजनालाई अझ बढि प्रभावकारिता का साथ सफल बनाउने एउटा चुनौती थियो । परियोजनाका महत्वपूर्ण कार्यक्रमहरुमा उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरुलाई फर्मुला फण्डिङ, ती संस्थाहरुको शैक्षिक गुणस्तरको प्रमाणीकरण (QAA), विश्वविद्यालय शिक्षणमा अनुसन्धान आदिका अवसरहरुको उपलब्धता, आर्थिक रुपमा कमजोर विद्यार्थीलाई पहिलेदेखि उच्च शिक्षा प्राप्तिका लागी प्रदान गर्दै आएको विद्यार्थीवृत्तिहरुलाई निरन्तरता दिँदै ११-१२ कक्षामा अध्ययन गर्न विद्यार्थी वित्तिय सहायता कोषको माध्यमबाट आर्थिक सहयोग प्रदान गर्ने कार्यको थालनी र त्यसको क्रमिक विकासलाई बढि महत्वका साथ अगाडि बढाइयो ।

यसरी मेरो कार्यकालमा नेपालको उच्च शिक्षाको समग्र विकास गर्नमा विश्वविद्यालय अनुदान आयोगको महत्वपूर्ण भूमिका रहेको थियो ।

**बुलेटिन : विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष छँदा सार्क राष्ट्रहरुको उच्च शिक्षामा समेत तपाईको भूमिका रहेको थियो । यस प्रयासले नेपालको उच्च शिक्षामा के परिवर्तन ल्यायो ?**

**डा. जोशी** : सार्क राष्ट्रहरुको उच्च शिक्षामा आपसी समन्वय र सहयोगका लागी सदस्य राष्ट्रहरुबीच विश्वविद्यालय अनुदान आयोगका अध्यक्षहरुको सभा समय समयमा कुनै एक सदस्य राष्ट्रमा बस्ने प्रचलन अनुसार नेपालले पनि मेरो कार्यकालमा सभाहरुको आयोजना गरेको थियो । यसरी विभिन्न राष्ट्रहरुमा त्यसताका भएका सभाहरुले सार्क राष्ट्रहरुका विश्वविद्यालयहरुको ब्याचलर र मास्टर्स डिग्रीहरुको कोर्स अवधिमा समानता ल्याउने र सार्क राष्ट्रहरुका विश्वविद्यालयहरुले प्रदान गरेका डिग्रीहरुलाई एक अर्काले मान्यता प्रदान गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु भएका थिए । साथै सबै सदस्य राष्ट्रहरुको संयुक्त स्वामित्व सहितको सहभागितामा साउथ एसियन विश्वविद्यालयको स्थापना पनि गरियो ।

**बुलेटिन : अन्तमा, नेपालका उच्च शिक्षाका क्षेत्रमा संलग्न सम्पूर्ण प्राध्यापक, कर्मचारी, विद्यार्थी र सरोकारवालाहरुलाई के भन्न चाहनु हुन्छ ?**

**डा. जोशी** : सर्वप्रथम मेरो कार्यकालमा सम्पन्न भएका कार्यहरुमा सम्पूर्ण प्राध्यापक, कर्मचारी, विद्यार्थी र सरोकारवालाहरुको सहयोग र सदासयता थियो । मेरो टीममा बसी समर्पणका साथ काम गर्ने तथा बाहिर बाट सघाउने सबैलाई धन्यवाद दिन चाहन्छु र वहाँहरु सबैप्रति म आज पनि त्यतिकै आभारी छु । र अन्तमा नेपालका उच्च शिक्षाका क्षेत्रमा संलग्न सम्पूर्ण प्राध्यापक, कर्मचारी, विद्यार्थी र सरोकारवालाहरुलाई समग्र देशको विकासमा उच्च शिक्षाको अहम् भूमिका रहने भएकाले सबैले आ-आफ्नो स्थानबाट योगदान पुर्‍याउनु हुन अनुरोध गर्दछु ।

(समाप्त)

# Prof. John David Seddon Delivered a Guest Lecture at Dept of Sociology

TU-PNC, 02 Dec. 2018 – Department of Sociology at Prithvi Narayan Campus organized an interaction program on 2 December 2018.

Prof. John David Seddon from the London School of Economics, University of London, UK delivered a guest lecture in the program.

During his lecture, Prof. Seddon shared his experience of Nepali society based on his co-authored book entitled *Nepal in Crisis: Growth and Stagnation at the Periphery*. He has co-authored this book with P.M. Blaike, and John Cameron. Apart from this book, Prof. Seddon has a numerous books on Nepal to his credit. *Peasants and Workers in Nepal* and *The Muslim Communities of Nepal* are among other books that have been published on Nepal.

Interestingly, Prof. Seddon's book *Nepal in Crisis* is included in the curriculum for Master's Degree in Sociology of Tribhuvan University.

Prof. Seddon's lecture was followed by his interaction with the participants.

## प्राध्यापक संघद्वारा शैक्षिक तथा प्राज्ञिक उन्नयनबारे अन्तर्क्रिया

त्रि.वि. – पृ.ना.क्या., फागुन २५ - त्रिवि प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस इकाई समितिद्वारा शैक्षिक तथा प्राज्ञिक उन्नयनमा प्राध्यापकहरुको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

क्याम्पस इकाई समितिका सभापति थानेश्वर सुवेदी को अध्यक्षतामा भएको उक्त अन्तर्क्रियामा क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा प्रमुख अतिथि रहनु भएको थियो ।

सो अन्तर्क्रियामा जनसंख्या अध्ययनका विभागीय प्रमुख विजय अर्यालले आफ्नो छलफल पत्र प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुतकर्ता अर्यालको प्रस्तुतीकरणपश्चात् प्रा.डा. लेखनाथ भट्टराई र डा. लक्ष्मीसरण अधिकारीले छलफल पत्रमाथि टिप्पणी गर्नु भएको थियो । त्यसै गरी सहभागीहरुले आफ्ना जिज्ञासा राख्नु भएको थियो भने प्रस्तुतकर्ताले ति जिज्ञासाका उत्तर दिनु भएको थियो ।

स्मरण रहोस् क्याम्पस इकाई समितिको गत २०७५ मंसीर महिनाको २१ गते भएको निर्वाचनमार्फत नयाँ टीमको चयन भएको थियो । सो निर्वाचनबाट सभापतिमा थानेश्वर सुवेदी, उपसभापतिमा यादव र ाज उपाध्याय, सचिवमा पवित्रराज बराल, उपसचिवमा सकुन्तला पंगेनी र कोषाध्यक्षमा हरिबहादुर भण्डारी निर्वाचित हुनु भएको थियो । त्यसैगरी सदस्यहरुमा प्रा.डा. अक्कलदेव मिश्र, अमिन पालिखे, खड्गबहादुर क्षेत्री, दीपेन्द्रराज रेग्मी, विजय अर्याल र शैलेन्द्रकुमार मल्लिक निर्वाचित हुनु भएको थियो ।

## Orientation for BPA and MPA Programs by Prof. Dr. Tek Nath Dhakal

TU-PNC, 25 May 2019 – The students of BPA and MPA programs interacted with the team of public administration scholars from Kathmandu on 10-12 May 2019.

The team was headed by Prof. Dr. Tek Nath Dhakal, the Head of the Central Department of Public Administration, Tribhuvan University, Balkhu, Kathmandu.

The interaction with the students was about the subjects related to public administration, followed by questions and answers. On the second and third days, there was an orientation for thesis writing students of MPA fourth semester. Students were also assigned to write draft proposals and were given feedback for improvement.

According to the Program Coordinator Surya G.C., this is part of regular activities for the students of public administration. In order to upgrade students' learning, it is necessary to invite experts from outside the campus so that students can interact with the visiting faculty, he further said.

## EMIS Installed at Faculty of Management

TU-PNC, 6 August 2019 – The Faculty of Management under Prithvi Narayan Campus has installed the Examination Management Information System (EMIS) recently. With the installation of the EMIS, the campus has signed an agreement with Crossover Nepal Pvt. Ltd., Kathmandu.

According to the source, the students of MBS program can apply for academic transcripts without visiting the Office of the Controller of Examinations, Balkhu. This is an online system. So once students' marks are entered through the software, the data will be shared with the database of the FoM Dean's Office and the Office of the Controller of Examinations at the same time.

The meeting at the Faculty of Management under the chairmanship of Assistant Campus Chief Dr. Bir Bahadur Karki has decided to purchase the software. The meeting was attended by Dept Heads and Program Directors under the Faculty of Management. The meeting has also unanimously decided to operate the EMIS under the care of the Department of Management Research.

The campus source further said, students can now sign in to the system with the official website of the Office of the Controller of Examinations and view their results, mark sheets, transcripts and certificates, and print them at the request of the students.

## Orientation on Proposal and Thesis Writing for MA English Students

TU-PNC, 23 March 2019 – The Department of English organized a two-day orientation on proposal and thesis writing on 22-23 March 2019.

There were presentations on theoretical aspects of research and writing on the first day. Prof. Bishwo Raj Adhikari, Dr.. Saroj Koirala, Dr. Min Pun, Dipendra Parajuli and Hom Nath Poudel were the resource persons for the orientation.

The presentation session was followed by the workshop. Students were assinged to write proposals for feedback. The orientation was attended by MA English students who opted for thesis writing.

## दिगो विकासका लागी विश्वविद्यालयको भूमिका महत्वपूर्ण: मन्त्री गुरुङ्ग

त्रि.वि. – पृ.ना.क्या., बैसाख ३ – पृथ्वीनारायण क्याम्पस व्यवस्थापन संकायद्वारा आयोजित शुभकामना आदान प्रदान तथा क्यालेण्डर बिमोचन कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ्गले दिगो विकासका लागी युवा तथा विद्यार्थीहरुले आर्जन गरेको ज्ञान, सीप तथा क्षमता स्वदेश मै परिचालन हुन आवश्यक रहेको बताउदै देशको नीति तथा योजना निर्माण, कार्यान्वयन, समीक्षा तथा विश्लेषणमा प्राध्यापकहरुको रचनात्मक भूमिका रहने बताउनु भयो ।

विश्व बजारमा बढ्दै गैरहेको जनशक्तिको माग बमो जिम विश्वविद्यालयले शिक्षा प्रदान गर्न सकेमा मात्र समृद्ध नेपालको आधार तय हुने कुरा मन्त्री गुरुङ्गले बताउनु भयो ।

क्याम्पसको थप भौतिक तथा शैक्षिक विकासका लागी प्रदेश सरकारका तर्फवाट जस्तोसुकै सहयोग गर्न तयार रहेको कुरा मन्त्री गुरुङ्गले बताउनुभयो ।

क्याम्पस प्रमूख प्रा.डा. चन्द्रबहादुर थापाले क्याम्पसले क्यु.यु.ए. प्राप्त गर्नु तथा शिक्षा मन्त्रालयबाट उत्कृष्ट आंगिक क्याम्पसको उपाधि प्राप्त गर्नमा प्राध्यापक, विद्यार्थी, कर्मचारी सवैको उल्लेखनीय भूमिका रहेको बताउदै आगामी दिनमा क्याम्पसको थप सफलताका लागी प्रदेश सरकारको पनि क्याम्पसलाई आवश्यक बजेट विनियोजन गर्नुपर्ने बताउनु भयो ।

सहायक क्याम्पस प्रमूख डा. वीरबहादुर कार्कीले पृथ्वीनारायण क्याम्पसको कूल विद्यार्थीको झण्डै आधा हिस्सा व्यवस्थापनले ओगटे तापनि संकायको समग्र विकासका लागी प्रशासनले श्रोत र साधनको यथोचित बाँडफाँड नभएको बताउदै आंशिक प्राध्यापकहरुलाई न्युनतम पारिश्रमिक प्रदान गर्न सरकारले व्यवस्था गर्नुपर्ने बताउनु भयो ।

क्यालेण्डर प्रकाशन समितिका संयोजक एवं क्षेत्रगत व्यवस्थापन विभागका विभागीय प्रमुख विष्णुप्रसाद भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन विभागका अर्का सदस्य विश्वनाथ पौडेलले गर्नुभएको थियो ।

# नेपाली विभागमा छात्रवृत्ति प्रदान

त्रि.वि. – पृ.ना.क्या., भदौ ३० (२०७५)- पृथ्वी नारायण क्याम्पस नेपाली विभागका उपप्राध्यापक यमबहादुर रानाबाट नेपाली भाषा र साहित्यको उन्नयनका लागी आफ्नी आमा स्वर्गीय मनरुपा थापा रानाको स्मृतिमा स्थापित अक्षय कोषबाट "मनरुपा थापा राना स्मृति छात्रवृत्ति" वितरण गरियो ।

यो कोषबाट दिइने छात्रवृत्ति हरेक वर्ष एम.ए. नेपाली विषयमा उत्कृष्ट अंक ल्याई प्रथम हुने विद्यार्थीलाई प्रदान गरिने छ। यो छात्रवृत्ति पहिलो पटक प्राप्तगर्ने विद्यार्थीमा यस वर्ष सर्वप्रथम हुने एम.ए. नेपाली विषयका पोखरा २१ का विनु न्यौपाने रहनु भएको थियो ।

छात्रवृत्ति प्रदान गर्ने कार्यक्रममा सहायक क्याम्पस प्रमुख महेन्द्र आलेले अबिर, क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाले खादा, विभागीय प्रमुख कृष्णप्रसाद पौडेलले प्रमाणपत्र र छात्रवृत्ति संस्थापक रानाले नगद पुरस्कार प्रदान गरी सम्मान गरिएको थियो ।

# M.Sc. in Chemistry Resumed in Pokhara

TU-PNC, 31 July 2019 – The Department of Chemistry in Prithvi Narayan Campus has introduced M.Sc. in Chemistry for the first time, starting this year. The program is the semester-based program, spreading over 4 semesters.

According to the Dept Head Prof. Dr. AD Mishra, 22 students have enrolled for the first batch; it's a good start. I think, this is encouraging to the department and we'll continually work hard to reach our goal, that is, the aim of providing quality tertiary science education in the campus, he said.

Recently, the department has received about 54 lakh rupees from the UGC for the chemistry laboratory.

# Campus Cleaning Campaign

TU-PNC, 12 April 2019 – The MBS class held a sanitary program in Prithivi Narayan Campus with a motto "Education for Environment." The campaign strategy was on drawing the attention of stakeholders of the campus towards the fact that keeping the campus environment clean and healthy is everyone's responsibility.

Students were divided into 12 groups with 15 students in each group, including 2 leaders. They started collecting wastes from different areas of the campus.

Dr. Bhawana Pokhrel was also in the cleaning campaign, encouraging students to participate. She said, "We'll continue this campaign and hope to come up with more and more innovative ideas in the future."

# Students Participate in the Antibiotic Susceptibility Testing Workshop

TU-PNC, 28 Oct 2018 – "The Workshop on Antibiotic Susceptibility Testing" was organized by the Manipal College of Medical Sciences, Pokhara on 28-30 October 2018.

The workshop was inaugurated by Dr. OP Talwar, Professor and Head, Dept of Pathology, Manipal College of Medical Sciences, Pokhara. The inaugural session was attended by 37 faculty members of Manipal College and other institutions of Pokhara.

Dr. S Gokhale, Professor and Head, Dept of Microbiology, ASM Country Ambassador for Nepal discussed the support of ASM in various activities of the department and briefly highlighted about the workshop.

Prof. Niranjan Nayak discussed the problem of antibiotic resistance and possible ways to overcome it by following antibiotic stewardship program.

Similarly, the guest speaker Dr. Bishnu Pahari, Consultant Urologist, Grande International Hospital, Kathmandu shared the experiences of Antibiotic Stewardship program in his hospital. Dr. AL Sharma, Officiating Director, Manipal Teaching Hospital expressed his keen interest in starting similar stewardship program in Manipal Teaching Hospital.

At the same function, Dr. Ranjana Pahari, Consultant Microbiologist, Grande International Hospital, Kathmandu discussed finer aspects of standardization of media and inoculum preparation for antibiotic susceptibility testing.

The participants thereafter practiced the Kirby Bauer method of Antibiotic Susceptibility Testing. Intense interactive sessions helped the participants understand finer aspects of the day's activities.

The three-day workshop was facilitated by Dr. Dharma Raj Bhatta, Dr. Dipendra Hamal, Prof. Dr. Niranjan Nayak and other experts from Manipal College.

A total of 35 microbiology students from 6 different institutions, including students from Prithvi Narayan Campus participated in the workshop.

# अडियो पुस्तकालयलाई उपकरण हस्तान्तरण

त्रि.वि. – पृ.ना.क्या., बैसाख ३१ - पोखरा व्यावसायिक महिला क्लबले पृथ्वीनारायण क्याम्पसमा रहेको राष्ट्रिय अडियो पुस्तकालयलाई अडियो पुस्तक उत्पादन गर्न आवश्यक विभिन्न उपकरणहरु हस्तान्तरण गरेको छ ।

कार्यक्रममा क्लबले क्याम्पसका सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी, लाईब्रेरी प्रमुख किशोर सुवेदी र क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागका सदस्य श्रीकान्त सापकोटालाई संयुक्त रुपमा हस्तान्तरण गरेको थियो ।

पुस्तकालयलाई एक थान कम्प्युटर, एक थान डिजिटल अडियो मिक्स्चर, दुई थान युपिएस, चार थान ब्याट्री, एक थान एक्सटर्नल हार्ड डिक्स, एक थान माइको फोन, एक थान मोनिटर स्पीकर, दुई थान टेबल फ्यान, कार्ड रिडर, मेमोरी कार्ड, पेन ड्राइभलगायतका सामाग्री हस्तान्तरण गरिएको थियो । यसका साथै कास्की नेत्रहीन संघलाई पन्ध्र रिम ब्रेल कपी र पाँच थान पेन ड्राइभसमेत प्रदान गरिएको थियो ।

क्लबले आयोजना गरेको बुटिक तथा सिलाई तालिमका उत्कृष्ट सहभागी सुजा पुनले एक लाख छब्बीस हजारको चेक सिडमनीको रुपमा प्रदान गरेको थियो । संस्थाका कार्यवाहक अध्यक्ष धनेश्वरी पराजुलीको अध्यक्षतामा भएको सो कार्यक्रममा क्लबका मानार्थ सदस्य लक्ष्मी गुरुङ्ग, क्याम्पसका पुस्तकालय प्रमुख सुवेदी, अडियो पुस्तकालयका प्रयोगकर्ता फनिन्द्र वाग्ले, अडियो पुस्तकालयका सम्पादक राजेन्द्र सुवेदी, शिक्षक श्रीकान्त सापकोटा, सहायक क्याम्पस प्रमुख अधिकारी, कास्की नेत्रहिन संघका अध्यक्ष लक्ष्मण सुवेदी, वीपीडब्ल्यु इन्टरनेशनलका प्रथम उपाध्यक्ष सुसन जोन्सलगायतले मन्तव्यराख्नुभएको थियो ।

२०५९ सालमा दृष्टिविहीनहरुका लागी स्थापित ब्रेल पुस्तकालय २०६४ सालमा राष्ट्रिय अडियो पुस्तकालयका रुपमा रुपान्तरण भएतापनि प्राथमिकताको अभावमा समय-समयमा समस्याग्रस्त बन्ने गरेको छ । सरोकार वालाहरुलाई जिम्मेवार बनाउन र तत्कालको समस्या समाधानका लागी सहयोग प्रदान गरिएको हो, क्लबका मानार्थ सदस्य लक्ष्मी गुरुङ्गले भन्नुभयो ।

# सूर्यरत्नशाक्य प्रतिष्ठानद्वारा १५औं साधारणसभा सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., भदौ १८ (२०७५) - पृथ्वी नारायण क्याम्पस अन्तर्गत राजनीतिशास्त्र विभागमा रहेको राजनीतिशास्त्र सूर्यरत्नशाक्य प्रतिष्ठानले आफ्नो १५औं साधारणसभाको उपलक्ष्यमा मिति २०७५ भाद्र १८ गते एक विशेष कार्यक्रम गरी मनाएको थियो ।

२०६० सालमा स्थापना भएको यस प्रतिष्ठानले प्रत्येक दुई वर्षमा नेपालको शैक्षिक र सामाजिक क्षेत्रमा राष्ट्रिय ख्यातिप्राप्त व्यक्ति तथा संस्थाको सम्मानको कार्यक्रम गर्दै आईरहेको छ ।

यस वर्ष नेपाली समाज र संस्कृतिका विज्ञ प्राज्ञ जगमान गुरुङलाई सम्मान गरिएको थियो । उक्त सम्मान समारोहमा आफ्नो प्रवचन दिदै गुरुङले नेपाली समाज र संस्कृतिको अनुपम र अन्योन्याश्रित विशेषताहरुको बारेमा उल्लेख गर्नुभयो ।

उहाँले प्रत्येक जातजातिबीच एक आपसमा सद्भाव र सहयोग रहेकोले साझा पहिचानलाई अगाडि बढाउदै नेपालको उन्नत्तिका लागि प्राज्ञहरुको विज्ञता र राजनीतिक नेतृत्वको ईमान्दारीपूर्ण दृढता र सत्कर्म आवश्यक रहेको उल्लेख गर्नुभयो ।

त्यस्तै प्रतिष्ठानको उद्देश्यअनुसार राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहमा सर्वोकृष्ट अंक ल्याउने विद्यार्थीलाई छात्रवृत्ति र प्रमाणपत्र प्रदान गरिएको थियो । शैक्षिक वर्ष २०७१ बाट थमनसिंह गौतम र २०७२ बाट दिपकप्रसाद पौडेललाई छात्रवृतिका रुपमा प्रमाणपत्र र नगद प्रदान गरिएको थियो ।

प्रतिष्ठानका प्रमुख संरक्षक सूर्यरत्नशाक्यद्वारा लिखित काव्य 'खराब राजनीतिको स्वतन्त्रता' (Freedom of Dirty Politics) भन्ने पुस्तकको विमोचन समेत गरि एको थियो । उक्त विमोचित काव्यको अंग्रेजी विभागमा प्रमुख प्रा. विश्वराज अधिकारीले समीक्षा गर्नुभएको थियो ।

प्रतिष्ठानका अध्यक्ष डा. उमानाथ बरालको अध्यक्षता भएको सो कार्यक्रममा प्रमुख अतिथि क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा, सहायक क्याम्पस प्रमुख बसन्त राज पराजुली, जर्जजोन शिक्षा प्रतिष्ठानका अध्यक्ष गेहेन्द्रेश्वर कोईराला, इतिहाँस तथा संस्कृति विभागका प्रमुख प्रा.डा. ज्ञानबहादर कार्की, डा. गिरधारी दाहाल, भिमनाथ बराल, लालबहादुर कुंवर र नवराज बाँस्तोला लगायतले सम्बोधन गर्नुभएको थियो ।

# एमपीए कार्यक्रमको समस्या र समाधानबारे अन्तर्क्रिया

त्रि.वि. – पृ.ना.क्या., बैसाख १९ - पृथ्वीनारायण क्याम्पसअन्तर्गत सञ्चालित एमपीए कार्यक्रमको समस्या र त्यसका समाधानका उपाय विषयक एक अन्तर्क्रिया कार्यक्रम गरिएको थियो ।

सो कार्यक्रम मिति २०७६ बैसाख १८ र १९ गते गरी दुई दिन सम्म सञ्चालन गरिएको थियो । अन्तर्क्रियामा एमपीए कार्यक्रमका पहिलो र तेश्रो सेमेष्टरका विद्यार्थीहरु, त्यस कार्यक्रममा अध्यापन गर्ने शिक्षकहरु, कार्यक्रम संयोजक र व्यवस्थापन विषयका सहायक क्याम्पस प्रमुख सहभागीता रहेको थियो ।

बीपीए र एमपीए कार्यक्रमका संयोजक सूर्य जि.सी.का अनुसार, अन्तर्क्रिया कार्यक्रम अत्यन्त सान्दर्भिक र फलदायी रहेको कुरा व्यक्त गर्नुभयो ।

सो अन्तर्क्रियाको कार्यक्रम ल्वाङघलेल होमस्टेमा सञ्चालन गरिएको थियो भने सहभागीहरु सबै सो स्थानमा उपस्थित रहनुभएको थियो । संयोजक जिसीले यस्ता खालका कार्यक्रमको निरन्तरता दिनुपर्ने धारणा राख्नुभएको थियो ।

# 6th National Science Day to Mark the Establishment of the First Science College in Nepal

TU-PNC, 19 Sept. 2018 – The 6th National Science Day observed in Prithvi Narayan Campus, Institute of Science & Technology, Pokhara on 19 September 2018 to mark the establishment of the first public science college in Nepal.

The celebration was organized under the chairmanship of HoD of Chemistry and President of the Organizing Committee Prof. Dr. Akkal Dev Mishra.

According to the source, the science college was named Amrit Science College (ASCOL) in Kathmandu on 1 Ashoj 2013 BS, which was opened in honor of Amrit Man Pradhan who was a veteran professor of chemistry and who led a group of teachers to open the science college. As the Government of Nepal has declared 1 Ashoj as the National Science Day in 2070 BS, the day has been observed each year with different science related activities across Nepal.

Prithvi Narayan Campus, Institute of Science & Technology, Pokhara organized a presentation program on contemporary scientific issues to mark the 6th National Science Day. The program was inaugurated by the Minister of Industry, Tourism and Environment of Gandaki Province Bikas Lamsal as chief guest.

The Minister Lamsal expressed his best wishes and hoped to see the continued prosperity of science education in the campus. The program was also attended by Campus Chief Prof. Dr. Chandra Bahadur Thapa. Speaking at the program he said that the National Science Day is celebrated to spread the message of the importance of science in the daily life of people.

In the program, there were 5 presentations on topics related to various aspects of new developments in science. Prof. AD Mishra gave his presentation on the topic "Recent Trends of Science and Technology around Us", Rishi Baral of ACAP on "Conservation of Snow Leopard by Citizen Scientists in Manang of Annapurna Conservation Area", Sudesh Gyawali of Manipal College of Medical Sciences on "Do We Know Our Diseases Completely? (Exploring 3 Domains of Diseases)", Dr. Kapil Adhikari of PRI on "Science Culture: An Abstract Noun?" and Dr. Ram Jeewan Yadav of Dept. of Chemistry, PN Campus on "4G Mobile Connectivity in Nepal: Issues & Resolutions".

The theme of the 6th National Science Day 2018 was "Science and Technology: Sustainable Development and Prosperity" and was attended by faculty and students of the campus.

The program was organized in financial association with the Government of Nepal, Ministry of Education, Science & Technology, Nepal.

Welcome speech was delivered by the Assistant Campus Chief Nanda Lal Adhikari and the program was hosted by a faculty at the Department of Chemistry Dr. Ram Jeewan Yadav.

# कार्यमूलक नेपाली पत्रकारिता अभिमुखीकरण कार्यक्रम

त्रि.वि. – पृ.ना.क्या., पुस २२ - पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत वी.ए. तेस्रो वर्षका कार्यमूलक नेपाली पत्रकारिता ३१६ लिई अध्ययन गरे का विद्यार्थीहरुका लागि २०७५ पौष महिनामा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

नेपाली विभागका विभागीय प्रमुख कृष्णप्रसाद पौडेलको सभापतित्वमा सञ्चालित उक्त अभिमुखीकरण कार्यक्रममा कार्यमूलक नेपाली पत्रकारिताका प्रयोगात्मक कार्यका लागि स्थलगत समाचार संकलन, समाचार सम्पादन, प्रकाशन आदि विषयमा विद्यार्थीहरुलाई विशेष प्रशिक्षण दिइएको थियो ।

पत्रकारिता विषयका प्राध्यापक तथा पत्रकार शोभाकान्त सिग्देल र पृ.ना.क्या.का उप-प्राध्यापक नारायणप्रसाद न्यौपानेले सहजीकरण गर्नु भएको उक्त अभिमुखीकरण कार्यक्रममा २० जना विद्यार्थीहरु सहभागी भएका थिए ।

## त्रिविबाट अवकाश र सम्मान प्राप्त गर्ने पृ.ना. क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरू

त्रि.वि.-पृ.ना.क्या., भदौ २ – त्रिभुवन विश्वविद्यालयबाट २०७५ भदौ १८ देखि २०७६ भदौ १७ सम्म अवकाश र २५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको नामावली यसप्रकार रहेको छ -

**अवकाश प्राप्त गर्ने प्राध्यापकहरूको नामावली**

| क्र.सं. | प्राध्यापकको नाम | पद | अवकाश मिति |
|---|---|---|---|
| १ | डा.बेदनाथ शर्मा | प्राध्यापक | २०७६।०३।१२ |
| २ | डा. मानबहादुर केसी | प्राध्यापक | २०७६।०१।०१ |
| ३ | प्रा.ताराराज खनाल | प्राध्यापक | २०७६।०१।०२ |
| ४ | श्री रामदेव गौली | सहप्राध्यापक | २०७५।०८।०७ |
| ५ | श्री किशोरकुमार पोखरेल | सहप्राध्यापक | २०७६।०१।०२ |
| ६ | श्री मोतिश्वर थापा | सहप्राध्यापक | २०७५।१२।२९ |
| ७ | श्री शेखरनाथ अधिकारी | सहप्राध्यापक | २०७५।११।२२ |
| ८ | श्री हरिबहादुर थापा | सहप्राध्यापक | २०७५।१२।२६ |
| ९ | श्री चन्द्रकान्त रेग्मी | सहप्राध्यापक | २०७५।०५।२० |
| १० | श्री बाबुराम पौड्याल | उपप्राध्यापक | २०७६।०२।०४ |
| ११ | श्री कृष्णराज ढुङ्गाना | उपप्राध्यापक | २०७६।०१।१२ |
| १२ | श्री विष्णुहरि पौडेल | उपप्राध्यापक | २०७६।०१।१४ |

**अवकाश प्राप्त गर्ने कर्मचारीहरूको नामावली**

| क्र.सं. | कर्मचारीको नाम | पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री कविराज तिवारी | आर्थिक सहनियन्त्रक | २०७६।०१।१२ |
| २ | श्री श्यामसुन्दर ताम्राकार | ल्याव अधिकृत | २०७५।०९।१८ |
| ३ | श्री गोविन्द बानियाँ | प्राविधिक सहायक | २०७६।०१।२७ |

**२५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने प्राध्यापकहरूको नामावली**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | गणेशप्रसाद गौतम | सहप्राध्यापक |

## Seminar Organized at Faculty of Education

TU-PNC, 6 Oct. 2018 – Department of English Education under the Faculty of Education organized a seminar-cum-workshop on research philosophy & mixed research design on 4-5 October 2018.

The seminar-cum-workshop was for two days and was attended by the members of the Faculty of Education.

Prof. Dr. Prem Narayan Aryal and Prof. Dr. Basu Dev Kafle from Tribhuvan University were as expert facilitators for the seminar-cum-workshop.

The two-day seminar-cum-workshop was chaired by Prof. Tirtha Raj Aryal, Head of the Department of English Education.

## पृथ्वीवाङ्मय ११औं अङ्क लोकार्पण

त्रि.वि. – पृ.ना.क्या., असार ३१ - पृथ्वीनारायण क्याम्पस नेपाली विभागद्वारा प्रकाशित पृथ्वीवाङ्मय ११औं अङ्कको लोकार्पण कार्यक्रम २०७६ असार ३१ गते सम्पन्न भयो ।

उक्त ११औं अङ्कको समीक्षा गर्दै विभागीय सदस्य प्रा.डा. कुसुमाकर न्यौपानेले नेपाली विभागका प्राध्यापकहरुको अनुसन्धानमूलक लेख उत्कृष्ट रहेको विचार व्यक्त गर्नु भयो । विभागले निरन्तर रुपमा यो जर्नल प्रकाशन गर्दै आएकोमा विभागका सदस्यहरुको ठूलो योगदान रहेको विचार व्यक्त गर्नु भयो ।

त्यसैगरी कार्यक्रमका सभापति विभागीय प्रमुख कृष्णप्रसाद पौडेलले नेपाली विभागद्वारा स-समयमा प्राज्ञिक गतिविधि सञ्चालन गरिरहेको जानकारी गराउँदै पृथ्वीवाङ्मय अनुसन्धानमूलक पत्रिका नेपाली विभागको पहिचान बनेको धारणा राख्नु भयो ।

पृथ्वीनारायण क्याम्पस स्नातकोत्तर कार्यक्रमका सहायक क्याम्पस प्रमुख उपेन्द्र पौडेलले नेपाली विभागले प्राज्ञिक एवं अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गरेकोमा प्रसन्नता व्यक्त गर्नु भयो ।

विभागीय सदस्य एवं पत्रिकाका सम्पादक डा. यमनाथ तिमिल्सिनाले पृथ्वीवाङ्मय ११औं अङ्क सम्पादन तथा प्रकाशनका सन्दर्भमा देखिएका समस्या व्यक्त गर्दै पत्रिकालाई विद्वत समीक्षित अनुसन्धानमूलक बनाइएको र पूर्ण आधुनिक अनुसन्धानको ढाँचामा प्रकाशन गरिएको कुरा जनाउनु भयो ।

पृथ्वीवाङ्मय ११औं अङ्कको सम्पादन सह-प्राध्यापक डा. यमनाथ तिमिल्सिना, सह-प्राध्यापक डा. लक्ष्मीशरण अधिकारी र सह-प्राध्यापक डा. पुण्यप्रसाद शर्माले गर्नु भएको थियो ।

सो जर्नलको लोकार्पण कार्यक्रममा क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको पनि विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रम सञ्चालन नेपाली विभागका विभागीय सदस्य सह-प्राध्यापक डा. लक्ष्मीशरण अधिकारीले गर्नु भएको थियो ।

## कर्मचारी संघद्वारा विदाई सम्मान तथा छात्रवृति वितरण कार्यक्रम सम्पन्न

त्रि.वि. – पृ.ना.क्या., साउन २४ - त्रिवि कर्मचारी संघ पृथ्वीनारायण क्याम्पस इकाइ समितिद्वारा विदाई सम्मान तथा छात्रवृति वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

समितिका सभापति नवराज वास्तोलाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा प्रमुख अतिथि हुनुहुन्थ्यो । प्रमुख अतिथिको आसनबाट बोल्दै क्याम्पस प्रमुख थापाले कर्मचारी संख्याको अपुग भएतापनि नयाँ कार्यक्रमहरु थप हुदै जाँदा कर्मचारीहरुलाई कार्यभार थपिएको भन्दै कर्मचारी दरवन्दी थप गर्न माग समेत गरिएको छ भन्नुभयो ।

त्रिवि सेवा अवधि पूरा गरी विदाई हुने कर्मचारीहरुमा रामचन्द्र पौडेल, रामविक्रम राणा, तुलसीप्रसाद वास्तोला, गोविन्दप्रसाद कोइराला, श्यामसुन्दर ताम्राकार, कविराज तिवारी र गोविन्द बानियाँ हुनुहुन्थ्यो । त्यसैगरी छात्रवृति प्राप्त गर्ने कर्मचारीका छोराछोरीहरुमा कर्मचारी डिल्लीराम पौडेलका छोरा कुशल पौडेलले सामुदायिक विद्यालयका तर्फबाट र निजी विद्यालयका तर्फबाट कर्मचारी गिरबहादुर गुरुङ्गका छोरा निश्चल गुरुङ्ग र राम बहादुर मगरकी छोरी रोशनी मगर हुनुहुन्थ्यो । छात्रवृति पाउने कर्मचारीका छोराछोरीहरुले नगद पुरस्कार प्राप्त गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य दिनु हुनेमा राष्ट्रिय कर्मचारी संगठनका तर्फबाट पूर्ण गुरुङ्ग, प्रगतिशील कर्मचारी संगठनका तर्फबाट पूर्णबहादुर खड्का र विदाई हुने सम्मानितका तर्फबाट कविराज तिवारी र रामविक्रम राणा हुनुहुन्थ्यो भने त्रिवि प्राध्यापक संघ पृ.ना.क्या. इकाइका सभापति थानेश्वर सुवेदी हुनुहुन्थ्यो ।

समितिका उपसभापति बलराम पहारीले स्वागत मन्तव्य दिनुभएको थियो भने समितिका सचिव धनबहादुर गुरुङ्गले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# TUTA-PNC Unit Organizes a Workshop on Academic Writing

TU-PNC, 14 August 2019 – The Committee of Tribhuvan University Teachers' Association (TUTA), Prithvi Narayan Campus Unit organized the "One-Day Academic Writing Workshop" on 13 August 2019. The workshop was held to mark the occasion of Tribhuvan University Teachers' Association Day, which was observed on 28 Shrawan this year.

The workshop was held under the chairmanship of TUTA-PNC Unit President Thaneshwor Subedi and attended by the TUTA Central Committee Member Meena Gurung as Chief Guest.

The workshop was facilitated by experts from different fields of expertise. The expert facilitators were from different departments of Prithvi Narayan Campus.

Prof. Dr. Bed Nath Sharma presented his paper on the topic "Research Proposal Format," Prof. Dr. Vikash KC on "Presentation, Analysis and Dissemination in Scientific Writing," Prof. Dr. AD Mishra on "Format of Research Paper," Prof. Dr. Lekh Nath Bhattarai on "Research Article Writing," and Prof. Dr. Saroj Koirala on "Language of Academic Writing."

The workshop was attended by approximately 60 faculty members and invited guests and hosted by the TUTA-PNC Unit Member Secretary Pabitra Raj Baral.

## फुटबल प्रतियोगिता-२०७६

त्रि.वि. – पृ.ना.क्या., भदौ १ - पृथ्वीनारायण क्याम्पसको ६०औं वार्षिकोत्सव मनाउन "प्राध्यापक-कर्मचारी सेवेन ए साइड फुटबल प्रतियोगिता-२०७६" को कार्यक्रम आयोजना गरिएको छ। प्रतियोगिता मिति २०७६ साल भदौ ८, ९ र १० गते गरी ३ दिनसम्म चल्ने छ।

प्रतियोगितामा विभिन्न संकायका प्राध्यापक टीमहरु का साथै कर्मचारी टीमहरुले भाग लिने छन्। सूत्रका अनुसार विद्यार्थीका लागी खेलकुद कार्यक्रम आगामी पुसमा सम्पन्न गरिने भएको छ।

# "प्राध्यापक-कर्मचारी सेवेन ए साइड फुटबल प्रतियोगिता-२०७५" सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., भदौ १६ (२०७५) - पृथ्वी नारायण क्याम्पसको ५९औं वार्षिकोत्सवको उपलक्ष्य मा आयोजित "प्राध्यापक-कर्मचारी सेवेन ए साइड फुटबल प्रतियोगिता-२०७५" को कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रम मिति २०७५ भाद्र १३, १४ र १५ गते गरी ३ दिनसम्म चलेको थियो।

संकायअनुसारको प्राध्यापक र कर्मचारीका छुट्टाछुट्टै टीम बनाइएको थियो। पुरस्कार वितरण मिति २०७५ भाद्र १७ गतेका दिन क्याम्पसको ५९औं वार्षिकोत्सव को अवसरमा प्रदान गरिएको थियो।

खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुखका अनुसार, उच्च शिक्षामा गुणस्तरीयता ल्याउन प्राध्यापक, कर्मचारी र विद्यार्थीको समग्र विकास हुन जरुरी छ तबमात्र शैक्षिक गुणस्तर प्राप्त गर्न सकिन्छ। यिनै कुरालाई मध्यनजर राखी प्राध्यापक र कर्मचारीको शारीरिक र मानसिक तन्दुरुस्तीका लागी क्याम्पसको ५९औं वार्षिकोत्सवको उपलक्ष्यमा "प्राध्यापक-कर्मचारी सेवेन ए साइड फुटबल प्रतियोगिता-२०७५" को आयोजना गरिएको हो।



सो प्रतियोगितामा कर्मचारी टीम-क प्रथम स्थान हासिल गर्न सफल भएको थियो भने व्यवस्थापन संकाय टीमले द्वितीय स्थान प्राप्त गरेको थियो। प्रथम हुने टीमले नगद रु. १००००, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो। त्यसैगरी द्वितीय स्थान प्राप्त गर्ने टीमले नगद रु. ७०००, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो।

सो कार्यक्रम सम्पन्न गर्न एक आयोजक समितिको व्यवस्था गरिएको थियो जसमा खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुख नेत्रनारायण पौडेल संयोजक रहनु भएको थियो भने सदस्यहरुमा डा. मीन पुन, रेसमलाल पौडेल, जुमबहादुर गुरुङ्ग, र पीएनसी अलम्नाई प्रतिनिधि उमेश सारु रहनु भएको थियो।

Prithvi Bulletin

प. क्षे. हु. नि. द. नं. ३/०७४/७५

Year 4; Issue 1; March 2019-Feb. 2020

[A QAA Certified Institution, Accredited by UGC, Nepal]

*Mailing Address:*
Tribhuvan University
Prithvi Narayan Campus
Bagar, Pokhara
NEPAL

*Contact at:*
Phone: +977-61-526837
Email: info@pncampus.edu.np
Website: www.pncampus.edu.np

To:

Published by QAA/Reform Unit, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara; Edited by Dr. Min Pun; Printed at Rosey Printing House, Pokhara